# नेपालगंज उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज
### ई–रिक्सा दर्ता गर्ने सम्बन्धि सूचना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ट) को खण्ड ४ र सोही ऐनको दफा ६४ को उपदफा १(क) ले दिएको अधिकार प्रयोग गरि नेपालगन्ज उप–महानगरपालिका क्षेत्रभित्र दर्ता नभई सञ्चालनमा रहेका इ–रिक्साहरुलाई उप–महानगरपालिकामा दर्ता गराउनको लागि यस उप–महानगरपालिकाले पटक पटक सूचना प्रकाशित गरेकोमा केही समूह तथा ब्यक्तिहरुले यातायात ब्यवस्था कार्यालयमा दर्ता नगरी सोभै उप–महानगरपालिकामा मात्र दर्ता गराए पुग्छ भन्ने जस्ता विविध भ्रामक सूचना प्रवाह गरेको बुझिन आएकोले नेपालगन्ज उप–महानगरपालिकाले ई–रिक्सा दर्ता गर्ने सम्बन्धमा रिक्साधनिले सम्बन्धित निकायहरुमा तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता गरि प्रक्रिया पूरा गरि ब्लुबुक प्राप्त गरि आवश्यक कागजात सहित आएमा मात्र ई–रिक्सा दर्ता गरि सूचिकृत गर्दै आएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । सो प्रक्रिया भन्दा अन्य प्रक्रिया अपनाई सोझै ई–रिक्सा उप–महानगरपालिकामा दर्ता गर्ने भनि कसैले भनेमा त्यस प्रकारको होहल्लामा नलागी आवश्यक प्रक्रिया पूरा गरि ई–रिक्सा दर्ता गराउनुहुन समेत अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत
नेपालगन्ज उप–महानगरपालिका